निर्वाचन आयोग
नेपाल
२०२३

# प्रेश-विज्ञप्ती

निर्वाचन आयोगले तेस्रो पञ्चबर्षीय रणनीतिक योजना (आ.ब.२०७६/७७-२०८०/८१) को मसौदा तयार गरी १५ दिनभित्र राय/सुझाव/प्रतिक्रियाको लागि मिति २०७६ श्रावण २१ गते नै अनुरोध गरेको छ । प्रस्तावित तेस्रो रणनीतिक योजनाले लोकतन्त्रको सुदृढीकरणका लागि स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय एवम् मितव्ययी निर्वाचनको लागि निम्नानुसार ध्येय, लक्ष्य, उद्देश्य एवम् रणनीति प्रस्ताव गरेको छ ।

**दूरदृष्टि (Vision)** : लोकतन्त्रको सुदृढीकरणका लागि स्वच्छ, स्वतन्त्र, निशपक्ष, विश्वसनीय एवम् मितव्ययी निर्वाचन ।

**ध्येय (Mission)** : आयोगलाई स्वायत्त, सक्षम र सुदृढ निकायको रूपमा स्थापित गरी आवधिक निर्वाचनलाई व्यावसायिक, कुशल, पारदर्शी र विश्वसनीय रूपबाट व्यवस्थापन गर्ने ।

**लक्ष्य (Goal)** : स्वच्छ, स्वतन्त्र, निशपक्ष, विश्वसनीय र मितव्ययी निर्वाचन मार्फत नागरिकलाई राजनीतिक अधिकारको निर्वाध उपभोग गर्ने अवसरको सुनिश्चितता प्रदान गर्ने ।

**उद्देश्य (Objective)**

१. आयोगको संस्थागत क्षमता एवम् व्यावसायिक दक्षता अभिबृद्धि गर्नु ।

२. निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, विश्वसनीय, पारदर्शी र मितव्ययी रूपमा सम्पन्न गर्नु ।

३. निर्वाचनमा नागरिक एवम् सरोकारवालाको सहभागिता, सहकार्य र साझेदारी अभिवृद्धि गर्नु ।

**रणनीति**

१ : आयोगको संस्थागत सुदृढीकरण गर्ने ।

२ : प्रविधियुक्त निर्वाचन व्यवस्थापन प्रणालीको विकास गर्ने ।

३ : निर्वाचन सम्बन्धी नीतिगत तथा कानूनी सुधार गर्ने ।

४ : संविधान र कानून बमोजिम राजनीतिक दल नियमन गर्ने ।

५ : निर्वाचन एवम् नागरिक शिक्षामा साझेदारी र सहकार्य अभिवृद्धि गर्ने ।

आयोगको तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाका लागि पाँचवटा रणनीति अन्तर्गत ४० वटा कार्यनीति पहिचान गरिएका छन् । कार्यनीतिहरु कार्यान्वयनका लागि पाँच बर्षको कार्ययोजना समेत तयार

गरी १५६ वटा क्रियाकलापहरु पहिचान गरीएको छ । रणनीतिक योजना कार्यान्वयनका लागि आठ अरब पाँच करोड साठी लाख बजेट लाग्ने अनुमान गरिएको छ । रणनीतिक योजनाको कार्यान्वयनबाट निम्नानुसारको उपलब्धि हासिल हुने अपेक्षा आयोगले राखेको छ ।

- आयोग र अन्तर्गत कार्यालय संघीय संरचना अनुकूल हुनेगरी पुनर्संरचना हुने,
- निर्वाचन क्यालेण्डर बमोजिम निर्वाचनको तयारी व्यवस्थापन हुने,
- निर्वाचन व्यवस्थापनका प्रक्रियाहरू लैङ्गिकमैत्री तथा समावेशी हुने,
- निर्वाचन चक्रका क्रियाकलापहरू प्रविधिमैत्री हुने,
- युनिफाइड पोर्टल (एकीकृत विद्युतीय तथ्याङ्क भण्डार) को माध्यमबाट महत्वपूर्ण अभिलेख तथा तथ्याङ्कहरू व्यवस्थित हुने,
- एकीकृत निर्वाचन कानूनको तर्जुमा हुने,
- निर्वाचन विवाद निरूपणको समयमै प्रभावकारी रूपमा समाधान हुने,
- निर्वाचन आचारसंहिताको परिपालन भई निर्वाचन अझ बढी स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय, एवम् मितव्ययी हुने,
- निर्वाचन शिक्षा एवम् नागरिक शिक्षामा मतदाताको पहुँच अभिवृद्धि भई मतदानमा सक्रिय सहभागिता हुने,
- खसेको मतमा सदर मतको अनुपातमा उल्लेख्य वृद्धि भएको हुने,
- मतदाता नामावली दर्ता तथा अद्यावधिक कार्य एवम् मतदाता शिक्षा कार्यक्रम सञ्चालनमा स्थानीय तह एवम् राजनीतिक दलहरूको सहभागिता बृद्धि भएको हुने,
- सबै तहको निर्वाचन सञ्चालन दिग्दर्शन तयार भएको हुने,
- मतदानस्थलमा नै मतगणना गर्ने कार्यको थालनी हुने,
- मतदान केन्द्रमा आवश्यक पर्ने सामान र जनशक्तिको प्रयोगमा स्थानीय स्रोत साधनलाई प्राथमिकता दिइने,
- राजनीतिक दलहरूको आयव्यय एवम् निर्वाचन खर्च पारदर्शी हुने,
- निर्वाचन खर्च मितव्ययी भएको हुने,
- निर्वाचन खर्च बापत राजनीतिक दलहरूलाई राज्यको तर्फबाट अनुदान उपलब्ध गराउने व्यवस्था प्रारम्भ हुने,

- विभिन्न मुलुकका निर्वाचन व्यवस्थापन निकाय, निर्वाचन सम्बन्धी क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संस्था, विकास साझेदार संस्थाहरूसँगको सहयोग एवम् साझेदारीमा विस्तार भएको हुने ।

निर्वाचन आयोगले प्रस्तावित रणनीतिक योजना आयोगको वेव साईट www.election.gov.np मा राखिएको छ । प्रस्तावित रणनीतिक योजनामा सम्बद्ध सबै पक्षबाट राय, सुझाव र प्रतिक्रियाको लागि पुन: अनुरोध गरिएको छ ।

(शंकरप्रसाद खरेल)
सहसिचव एवम् प्रवक्ता

<u>सुझाव पठाउने ठेगाना:</u>
निर्वाचन आयोग, नेपाल
कान्तिपथ,काठमाडौं ।
<u>ईमेल:</u> ecn.planning@gmail.com